नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभाग**

हरिहरभवन,पुल्चोक
ललितपुर

# प्रेस विज्ञप्ति

**मितिः-** २०७९।०२।०९

राजस्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको राजस्व चुहावट सम्बन्धी मुद्धा उच्च अदालत पाटन, ललितपुरमा मिति २०७९।०२।०५ गते दायर गरिएको छ ।

१. **अभियुक्तको विवरणः**
- जिल्ला पर्सा, बिरगन्ज महानगरपालिका वडा नं. १०, स्थायी ठेगाना भई जिल्ला चितवन भरतपुर महानगरपालिका वार्ड नं. ३ चितवनमा ब्यवसाय गर्ने श्री निरज ट्रेडर्स एण्ड सप्लायर्स (स्था.ले.नं. ६०३८२०१२६) को प्रोपराईटर **श्रीराम ठाकुर** ।
- जिल्ला पर्सा, बिरगन्ज महानगरपालिका वडा नं. २, स्थायी ठेगाना भई जिल्ला चितवन भरतपुर महानगरपालिका वार्ड नं.३ चितवनमा ब्यवसाय गर्ने श्री निरज ट्रेडर्स एण्ड सप्लायर्स (स्था.ले.नं. ६०३८२०१२६) को खाता संचालक **जटाशंकर जैसवाल** ।

२. **कसुरको संक्षिप्त विवरणः** श्री निरज ट्रेडर्स एण्ड सप्लायर्सले राजस्व चुहावट गर्ने मनसायले जालसाजीयूक्त, नक्कली तथा झुट्टा मूल्य अभिबृद्धि कर विजक खरिद गरी बित्तीय विवरणहरु तथा आय विवरणहरु तयार गरी प्रचलित आयकर ऐन तथा मुल्य अभिबृद्धि कर ऐन तथा नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको बिगो र सजायको मागदाविः** राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संसोधन सहित) को दफा ३ ले निषेधित सोही ऐनको दफा ४(क), र (झ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले सोही ऐनको दफा २(छ१) बमोजिम हुन आउने **मू.अ.कर तर्फ रु. २,४१,३५,९४१।- र आयकर तर्फ रु. ५,५७,१६,६१२।-** समेत जम्मा हुन आउने कुल विगो **रु. ७,९८,५२,५५३।- (सात करोड अन्ठानब्बे लाख बाउन्न हजार पाँच सय त्रिपन्न रुपैया मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (पहिलो संशोधन सहित) को दफा २३(१) बमोजिम प्रतिवादीहरुबाट असुल उपर गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत जरिवाना **रु. ७,९८,५२,५५३।-** तथा दफा २३(१)(ग) बमोजिम कैद सजाय हुन मागदावी गरी अभियोग पत्र दायर गरिएको ।

| क्र.सं. | प्रतिवादीहरु | मू.अ.कर तर्फको बिगो रकम | आयकर तर्फको बिगो रकम | जम्मा बिगो | माग गरिएको कूल विगो रु. |
|---|---|---|---|---|---|
| १ | • श्रीराम ठाकुर<br>• जटाशंकर जैसवाल | २,४१,३५,९४१।- | ५,५७,१६,६१२।- | ७,९८,५२,५५३।- | **१५,९७,०५,१०६।-** |

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**